# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, कात्तिक ८ गते, २०८१ साल (संख्या ३४


## भाग ३

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

## सूचना

### वैदेशिक रोजगार (छैटौं संशोधन) नियमावली, २०८१

वैदेशिक रोजगार नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "वैदेशिक रोजगार (छैटौं संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २८ मा संशोधन** : वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २८ को,-

(१) उपनियम (२) मा रहेका "सात लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "दश लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (५) पछि देहायको उपनियम (५क) थपिएको छः-

"(५क) कसैले उपनियम (३) बमोजिमको सुविधा लिएको कारणबाट मात्र उपनियम (२) बमोजिमको सुविधा प्राप्त गर्न बाधा पर्ने छैन।"

**आज्ञाले,**
**मुकुन्द प्रसाद निरौला**
**नेपाल सरकारको सचिव ।**



नेपाल सरकारको मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ